Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था)

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

Regd. No. 97807
N.R.B. No. 13/062/063

**Head Office**
Charkhal Road, Dillibazar, Kathmandu
**Tel:** 01-4537401, 4537403, Fax : 01-4011525
**Email :** info@gurkhasfinance.com.np
**Web :** www.gurkhasfinance.com.np

च.नं. १२/०८१/८२/५०२

मितिः २०८१/१२/११

श्री नेपाल स्टक एक्स्चेन्ज लि.
सिंहदरबार प्लाजा, काठमाडौं ।

विषय : **प्रमुख कार्यकारी अधिकृतको नियुक्ति खारेज सम्बन्धमा ।**

महोदय,

यस संस्थाको मिति २०८१/०९/१४ गते सम्पन्न सञ्चालक समितिको ५०३ औं बैठकले संस्थामा रित्त रहेको प्रमुख कार्यकारी अधिकृत पदमा श्री प्रकाश चन्द्र अधिकारीलाई नियुक्त गरेकोमा उक्त नियुक्ति सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट मिति २०८१/०९/२४ देखि २०८१/०९/२५ सम्म संस्थामा विशेष निरीक्षण गरी प्रमुख कार्यकारी अधिकृत नियुक्ति सम्बन्धी प्रक्रिया अध्ययन गरेको र सो पश्चात् नियुक्त भएका प्रमुख कार्यकारी अधिकृत श्री प्रकाश चन्द्र अधिकारीले संस्थामा कार्य गर्न असमर्थ रहेको व्यहोराको पत्र पेश गरेकोमा सञ्चालक समितिको मिति २०८१/१२/०६ मा सम्पन्न ५१० औं बैठकले निजको नियुक्ति खारेज गरेको । साथै, रित्त प्रमुख कार्यकारी अधिकृत पदमा संचालक समितिको मिति २०८१/१२/१० गते बिहान १०:३० बजे सम्पन्न ५१२ औं बैठकद्वारा रिक्त रहेको प्रमुख कार्यकारी अधिृकत पदमा श्री ज्ञानेन्द्र इवाहाङज्यू लाई मिति २०८१/१२/११ गतेबाट लागु हुने गरी आगामी ४ वर्षको लागि प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त गर्ने निर्णय गरेबमोजिम नियमनकारी निकायहरुमा पत्राचार भएकोमा नेपाल राष्ट्र बैंकले मिति २०८१/०९/२४ देखि २०८१/०९/२५ सम्म विशेष निरीक्षणको क्रममा देखिएका कैफियतको आधारमा मिति २०८१/१२/१० को पत्र संख्या वि.सं.सु.वि./विशेष/०८१/८२ च.नं. ३१९ बाट प्रमुख कार्यकारी अधिकृत नियुक्ति सम्बन्धी हालसम्म भए गरेका सम्पूर्ण कार्यहरु रद्द गर्न निर्देशन भए बमोजिम मिति २०८१/१२/१० गते बेलुका ४:०० बजे बसेको सञ्चालक समितिको ५१३ औं बैठकले निर्देशन बमोजिम निज श्री ज्ञानेन्द्र इवाहाङलाई प्रमुख कार्यकारी अधिकृतमा गरिएको नियुक्तिलाई समेत खारेज गर्ने निर्णय गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

धन्यवाद ।

भवदीय,

...........................
दिपक न्यौपाने
कम्पनी सचिव
Company Secretary

बोधार्थः
१. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, वालुवाटार, काठमाडौं ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरीवेक्षण विभाग, वालुवाटार, काठमाडौं ।
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
४. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपूर ।
५. श्री सि.डि.एस एण्ड क्लिअरिङ, पुतलिसडक, काठमाडौं ।